# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

**<u>आदेश</u>**

मु.नं. २९३/२०७१/०७२
निर्णय नं.७१

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं २१ बस्ने वर्ष ३० को सागर जोशी ......१ पुनरावेदक

<u>विरूद्ध</u>

कार्यालय प्रमुख, इन्सटिच्युड अफ मेडिसिन (IOM) , महाराजगन्ज, काठमाडौं ....................१ विपक्षी
सूचना अधिकारी, इन्सटिच्युड अफ मेडिसिन (IOM) , महाराजगन्ज, काठमाडौं ..................१

**विषय :- <u>माग बमोजिमको सूचना उपलब्ध गराएकोले लगत कट्टा गर्नु ।</u>**

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं २१ बस्ने वर्ष ३० को सागर जोशीले इन्सटिच्युड अफ मेडिसिन (IOM) , महाराजगन्ज, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०४।१८ मा पुनरावेदन गरेको । यस आयोगवाट मिति २०७२।०४।२५ को आदेश बमोजिम इन्सटिच्युड अफ मेडिसिन (IOM) , महाराजगन्ज, काठमाडौंको मिति २०७२।०५।२४, प.सं. ९७।०७२।०७३ को पत्र मार्फत माग गरेको सूचना सहितको पत्र प्राप्त भएको तथा यस आयोगवाट सो सूचना पुनरावेदकलाई नै दिनू भनी पत्र समेत पठाइसकिएको हुँदा निज पुनरावेदकले सम्बन्धित कार्यालयवाट सूचना नपाए आयोगबाट नै उपलब्ध गराउन सकिने हुँदा यस सम्बन्धमा हाल थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल असोज ६ गते रोज ४ शुभम् ।